## सडक संजालमा नजोडिएका गा.वि.स. केन्द्रहरु जोड्ने सडक निर्माणका लागि भैपरि आउने पुंजीगत खर्च संचालन सम्बन्धमा भएको थप निर्देशन (शर्तहरु)

२०७१/७२

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत जि.वि.स.हरुबाट **सडक संजालमा नजोडिएका गा.वि.स. केन्द्रहरु जोड्ने सडक निर्माण कार्यक्रम** संचालन गर्दा निम्न बमोजिमको मापदण्डका आधारमा कार्यक्रम संचालन गर्नु पर्ने छ । सो मापदण्डको विपरित गरिएको पाईएमा अनुदान रोक्का गरिने छ ।

१. सडक संजालमा नजोडिएका गा.वि.स. केन्द्रहरु जोड्ने सडक निर्माणका लागि DTMP परिमार्जन भैसकेका जिल्लाहरुका हकमा नयाँ सडक निर्माण गर्नु पर्ने प्राथमिकता भित्रको जिल्ला सडक मूख्य संजाल सडक (DRCN Road) मात्र छनौट गरि नयाँ ट्र्याक निर्माण गर्ने कार्यक्रम तयार पीर कार्यान्वयनमा जानु पर्नेछ ।

२. जिल्ला यातायात गुरु योजना गाइडलाइन २०१२ अनुसार DTMP परिमार्जन भैनसकेका जिल्लाहरुको हकमा गा.वि.स. जोड्ने सडक सञ्जाल छनौट गर्दा मौजुदा DTMP को प्राथमिकताका साथै DTMP परिमार्जन गर्दा DRCN सडकमा छनौट हुन सक्ने जिल्लाको महत्वपूर्ण गा.वि.स. जोड्ने सडक खण्डमा मात्र ट्र्याक निर्माण कार्य कार्यान्वयन गर्नु पर्नेछ ।

३. गा.वि.स. जोड्ने सडक सञ्जालको ट्र्याक निर्माण गर्दा उक्त खण्डमा पर्ने र यसै आ.व. भित्र सम्पन्न हुने खालका स-साना पुल पुलेसा कलभर्ट निर्माण गर्ने कार्यक्रम समेत समावेश गर्न सकिने छ ।

४. कार्यक्रम तयार पार्दा क्रमागत आयोजनाहरुको ट्र्याक निर्माण भैसकेको अन्तिम विन्दुबाट नयाँ ट्र्याक निर्माण गर्नु पर्ने खण्ड शुरु गरि उक्त खण्डको Detail Project Report कार्यान्वयन पूर्व तयार गरि सक्नु पर्नेछ ।

५. दातृ संस्थाहरको सहयोग तथा अन्य प्रमुख कार्यक्रमहरुमा नयाँ ट्र्याक निर्माण गर्ने कार्यक्रम समावेश भएका सडक आयोजनाहरुलाई यस कार्यक्रमबाट बजेट विनियोजन गर्न पाइने छैन ।

६. यस गा.वि.स. जोड्ने सडक सञ्जाल कार्यक्रम अर्न्तगत प्रत्येक जिल्लाले न्यूनतम १ देखि ३ वटा गा.वि.स. जोड्ने गरि योजना संख्या छनौट गर्नु पर्नेछ ।

७. यस कार्यक्रमबाट संचालन गर्न लागिएका आयोजनाहरुको यस आ.व. को वार्षिक कार्यक्रम (लक्ष्य, प्रगति र जोडिने गा.वि.स.को नाम सहित) स्विकृत गरि एक प्रति मन्त्रालय, विभाग र स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रममा दोस्रो चौमासिक भित्र पठाई सक्नु पर्नेछ ।

सह सचिव